बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

आठबीस नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

# राकम कर्णाली - दैलेख

आ. ब. २०८२/०८३

**सूचना नं /बोलपत्र नं - aathabis/Goods/River/All/01**

नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र

भदौ, २०८२

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

**<u>विषयसूची</u>**

भाग १. बोलपत्र आह्वानको सूचना

भाग २. आन्तरिक आय ठेक्का सम्बन्धि अन्य शर्तहरु

भाग ३. विभिन्न फारमहरु

बिनोद कुमार मास्की
प्रमुख प्रशासकीय अधिकृत

# आठबिस नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय
## आठबीस, दैलेख

**नदीजन्य समाग्री ढुङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) आदिको निकासी शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आह्वानको सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/२०)

यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-३, दफा ११ उपदफा (२), खण्ड (घ) को (६) र दफा ६४ को उपदफा (१) को खण्ड (च) बमोजिम चालु आ.व. २०८२/८३ का लागि तपशिल उल्लेखित न्यूनतम ठेका अंकमा नघट्ने गरी देहाय बमोजिमको यस आठबिस नगरपालिकाको क्षेत्र भएर बग्ने मालाचौर देखि रामाघाट खोला बगरबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालय ई- पोर्टल www.bolpatra.gov.np/egp मार्फत आय ठेक्का व्यवस्थापन सम्बधी प्रथम पटक ३० दिने विद्युतीय बोलपत्र आव्हान गरिएकोले योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी बोलपत्र खरिद गरि यसै सूचना बमोजिम पेश गर्न सकिनेछ ।

| सूचना नं/ बोलपत्र नं | बगरको विवरण र स्थान | उत्खनन् हुने अधिकतम परिमाण (घन मि.) | न्यूनतम दर प्रति (घन मि.) | न्यूनतम रकम कर बाहेक | धरौटी रकम रू. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| **aathabis/ Goods/ River/All/ 01** | यस आठबिस नगरपालिकाको क्षेत्र भएर बग्ने मालाचौर देखि रामाघाट खोला बगर सबै IEE प्रतिवेदन अनुसार | २०,०००.०० | रू.१७६.६ | रू.३५,३२,००० | कर सहित कबोल अंकको को ५% | ३००० |

**बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान :**

| सूचना नं/ बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | | बोलपत्र खोल्ने अन्तिम मिति र समय | |
|---|---|---|---|---|---|---|
| **aathabis/Goods/ River/All/01** | मिति | समय | मिति | समय | मिति | समय |
| | २०८२/०६ /१९ | १२:०० बजे | २०८२/०६ /१९ | १२:०० बजे | २०८२/०६/१९ | ५:०० बजे |
| बैंकको नाम | कार्यालयको नाम | | | | अन्तरिक राजश्व खाता नं | धरौटी खाता नं |
| नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड - डाब शाखा, दैलेख | आठबिस नगरपालिका नगरकार्यपालिकाको कार्यालय | | | | ०६३०१४००२५० ०८५ | ०६३०१४००२५ ००३० |

नोट :- ठेक्का सम्बन्धि पालना गर्नुपर्ने सम्पूर्ण शर्तहरु यस कार्यालयको वेभसाइट www. https://aathabismun.gov.np/ मा राखिएको छ ।

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

भाग -२

आठबिस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

आठबिस दैलेख, कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद—३ को दफा ११ (घ) (६) तथा दफा ६४ को उपदफा (१)(च) बमोजिम तोकिएका अधिकारको प्रयोग गरी आठबीस, राकम, दैलेखले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८२/८३ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । मिति २०८२/०६/१९ गते १२:०० बजे भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले aathabismun.gov.np तथा www.bolpatra.gov.np/egp बाट बोलपत्र Download गरी देहायको मिति र समय भित्र बोलपत्र www.bolpatra.gov.np/egp मा Upload गर्नु पर्नेछ । अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**तपसिल:**

| सूचना नं./ बोलपत्र नं. | प्रस्तावित उत्खनन स्थल | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT) र अग्रिम आय कर बाहेक) | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| **aathabis/Goods/River/All/01** | आठबिस-५ मालाचौर | १७०० | ३५,३२,०००.०० | ५% | ३००० |
| | आठबिस -४, राकम "क" | ४५०० | | | |
| | आठबिस -४, राकम "ख" | ३७०० | | | |
| | आठबिस -३, जाक्सी | २००० | | | |
| | आठबिस -३, साईगाऊ | १९०० | | | |
| | आठबिस -२, टुनीबगर | १७०० | | | |
| | आठबिस -२, सिस्ने | ० | | | |
| | आठबिस -१, डाब "क" | १२०० | | | |
| | आठबिस -१, डाब "ख" | १५०० | | | |
| | आठबिस -१, रामागाड | १८०० | | | |

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

**बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान :**

| सूचना नं/ बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | | बोलपत्र खोल्ने अन्तिम मिति र समय | |
|---|---|---|---|---|---|---|
| **aathabis/Goods/ River/All/01** | मिति | समय | मिति | समय | मिति | समय |
| | २०८२/०६/१९ | १२:०० बजे | २०८२/०६/१९ | १२:०० बजे | २०८२/०६/१९ | ५:०० बजे |
| बैंकको नाम | कार्यालयको नाम | | | | अन्तरिक राजश्व खाता नं | धरौटी खाता नं |
| नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड - डाब शाखा, दैलेख | आठबीस नगरपालिका नगरकार्यपालिकाको कार्यालय | | | | ०६३०१४००२५००८५ | ०६३०१४००२५००३० |

<u>**शर्तहरु :**</u>

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्घी कर दर्ता प्रमाणपत्र,आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा **नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड , डाब शाखा**मा रहेको यस कार्यालय को **आन्तरिक राजश्वखाता नं. ०६३०१४००२५०००८५** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले **२०८२/०६/१९ गते १२:००** बजेसम्म विद्युतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको वेभसाइट www.bolpatra.gov.np बाट सम्बन्धित कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, डाब शाखा**मा रहेको **धरौटी खाता नं. ०६३०१४००२५००३०** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० **दिन**को म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम ठेगाना।कामको विवरण।बोलपत्र विवरण प्रोपराइटरको नाम।ठेगाना, फोन नं. ,मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले **२०८२/०६/१९ गतेका दिन दिनको १२:००** बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको **२०८२/०६/१९ गते ५:००** बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।म्याद नाघि रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. कूल ठेक्का अंक सम्झौता गर्नु अगावै नगद दाखिला गर्नु पर्नेछ वा एकमुष्ठ रकम नबुझाएमा मान्यता प्राप्त राष्ट्रियस्तरको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको २०८३ साल श्रावण मसान्तसम्म म्याद भएको कार्यसम्पादन जमानत बैंक ग्यारेण्टी परफरमेन्स बण्ड ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र सम्झौता गरी चलानी पूर्जी दिईनेछ ।

७. बुदाँ नं. ६ मा उल्लेखित ठेक्का स्वीकृत रकम एकमुष्ट नबुझाएमा तपसिलको कबोल रकमको भुक्तानी तालिका अनुसार गर्नु पर्नेछ । तोकिएको समय सीमा भित्र तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम तोकिएको समयमा नबुझाएमा बैंकवाट यस कार्यालयको नाममा जारी गरी सम्झौता गर्दा पेश गरिएको कार्यसम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिनेछ। सो असुल उपरमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन। बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखतमा | कबोल अंङ्को ३० प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०८२ साल माघ मसान्त भित्र | कबोल अंङ्को ४० प्रतिशतले हुन आउने रकम |
| तेश्रो | २०८३ जेठ मसान्त सम्म | कबोल अंङ्को बाँकी ३० प्रतिशत रकम |

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन ,२०७४, सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन।प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**<u>ठेक्का सम्बन्धी अन्य शर्तहरु</u>**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८३ साल जेठ मसान्तसम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन् कार्य बन्द गरिने छ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्न्ति दावी गर्न पाईने छैन ।यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार नगरपलिकामा भुझाउनु पर्ने छ।(IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन । तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्ने छ ।

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ । माथिउल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा नगरपालिकामा बुझाउँनुपर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन ।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदयदेखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ ।सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१३. नदिजन्य पदार्थलाई घाटगद्धि नगरपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१४. ढुंगा ,गिट्टी, बालुवा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा कर्णाली प्रदेशबाट जारी गरएिको ढुङ्गा गिट्टि, वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
आठबीस नगरपालिका

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

# आठबीस नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## राकम कर्णाली —दैलेख ।

## कबोल पत्र

नदीजन्य पदार्थ उत्खनन् / संकलन कार्य

आय ठेक्का नः आ.ब : २०८२/०८३

| क्र.स | नदीको विवरण | न्यूनतम ठेक्का रकम (मु.अ.कर र आय कर बाहेक) | कबोल रकम मु.अ. कर र आयकर बाहेक | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | आठबीस नगरपालिका भित्रका सम्पुर्ण तोकियको क्षेत्र बाट बालुवा तथा ढुङ्गा ग्राभेल आदिको संकलन तथा उत्खनन | **३५,३२,०००** | | |
| | जम्माः | | | |
| | अग्रीम आयकर १.५ प्रतिशत | | | |
| | मु.अ.कर १३ प्रतिशत | | | |
| | कुल जम्मा | | | |
| कुल जम्मा रू. | | | | |

फर्मको नामः

ठेगानाः

सहिछापः
सम्पर्क नं.

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

**भागः-३ विभिन्न फारमहरु**

## ३.१ निवेदन

मितिः- २०८२/ /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

आठबीस नगरकार्यपालिकाको कार्यालय,

दैलेख।

विषयः- विधुतीय बोलपत्र पेश गरेको बारे ।

महोदय

उपरोक्त विषयमा आठबीस नगरपालिकाको आन्तरिक आय तर्फ आठबीस नगरपालिका भित्रका नदी तथा खोलाका विभिन्न खण्डबाट आ.व.२०८२/०८३ मा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य खनिज उत्खनन् गर्नका लागि वोलपत्र आह्वान सम्बन्धी सूचना तहाँ कार्यालयबाट मिति २०८२/०५/२० मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायको ठेक्का लिन इच्छुक भई यस विधुतीय बोलपत्र पेश गरेको छु।छौं।

| ठेक्का नं.: | ठेक्काको विवरण | कैफियत |
|---|---|---|
| **aathabis/Goods/ River/All/01** | आठबीस नगरपालिकामा पर्ने कर्णाली नदि, रामघाट खोला र चिने खोला (मालाचौर-५ ,राकम "क" -४ ,राकम "ख" -४,जाक्सी -३ ,साईगाऊ -३, टुनीबगर -२ ,सिस्ने -२ ,डाब "क" -१ , डाब "ख" -१, रामागाड -१ ) क्षेत्रबाट ढुंगा,गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन | |

बोलपत्र दाताको नामः-

दरभाउपत्र दाताको दस्तखतः-

फर्मको नामः-

ठेगानाः-

फोन नं.

बिनोद कुमार मास्की
प्रमुख प्रशासकीय अधिकृत

## ३.२ बोलपत्र दाताले कबोल गरेको ठेक्का अंक तथा धरौटी विवरण सहितको बोलपत्र फारम

आठबीस नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

आठबीस, दैलेख

आय ठेक्का नं.: **aathabis/Goods/River/All/01**

आठबीस नगरपालिकामा पर्ने कर्णाली नदि, रामघाट खोला र चिने खोला को विभिन्न क्षेत्रबाट तल तोकियको बमोजिन आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) उत्खनन् तथा संकलन को लागि बोलपत्र फारम ।

| आन्तरिक आय ठेक्का नं | ठेक्का सम्बन्धी विवरण | आ.व. २०८२ /०८३ मा कायम न्यूनतम मूल्य (मु.ब क र तथा अग्रिम कर बाहेक) | बोल कबोल अंक | | धरौटी रकम ( कबोल अंकको ५ प्रतिशतले हुने) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| **aathabis/ Goods /River/All/01** | आठबीस नगरपालिकामा पर्ने कर्णाली नदि, रामघाट खोला र चिने खोला (मालाचौर-५ ,राकम "क" -४ ,राकम "ख" -४,जाक्सी -३ ,साईगाऊ -३, टुनीबगर-२ ,सिस्ने -२ ,डाब "क" -१ , डाब "ख" -१, रामागाड-१) क्षेत्रबाट ढुंगा,गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन | **३५,३२,०००** (आक्षेरुपी पैत्तिस लाख बत्तीस हजार रुपैयाँ मात्र) | | | | | |

(क) नगदी दाखिला गरेको बैंक भौचर नं.

बैंक खाता नं.: ....................

दाखिला गरेको मिति: ....................

(ख) Bid Bond भएको भए बैंकको नाम: ....................

Bid Bond नं.: ....................

Bid Bond मान्य अवधि: ....................

ग) बोलपत्र पेश गर्नेको

दस्तखत:

फर्मको नाम तथा छाप

नाम थर:

जारी गरिएको मिति: ....................

ठेगाना:

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. :

### ३.४ स्वः घोषणापत्र

.......................................................................................म/हामी आफु यस अघि कुनै पनि खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ठेक्का कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु / गर्दछौं ।**(आफ्नो लेटरहेडमा लेख्नुहोला)**

फर्म वा व्यक्तिको नामः-

सहीः-

फोन नं.

मोबाइल नं.

ठेगानाः-

मितिः-

छापः-

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

## ३.५ स्वीकृति पत्र **Letter of Acceptance)**

मितिः ..........................

श्री................................(ठेकेदारको नाम र ठेगाना लेख्नुहोस्।

विषयः- स्वीकृतिको सूचना ।

यस कार्यालयको मिति ...............................................(मिति लेख्नुहोस) को आन्तरिक आय संकलनको बोलपत्र आह्वानको सूचना अनुसार........................................ (ठेक्काको नाम र नं. लेख्नुस्) आन्तरिक आय संकलन गर्न तपाईले पेश गर्नुभएको रु ...............................................(कवोल मूल्य अङ्क र अक्षरमा लेख्नुहोस) कवोल मुल्य भएको बोलपत्र स्वीकृत गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराउँदछौं।

औपचारिक रुपमा करार सम्झौतामा हस्ताक्षर गर्न यो पत्रको मितिले सात दिनभित्र यस कार्यालयमा उपस्थित हुन तपाईलाई सूचित गरिन्छ। बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित करारका शर्तहरु बमोजिम करार सम्बन्धी फारमहरुमा राखिएको ढाँचा अनुरुपको बैंक ग्यारेन्टी सहितको करारका बिषेश शर्तहरुमा तोकिए अनुसारको कार्य-सम्पादन जमानत पेश गर्नु पर्ने व्यहोरा पनि तपाईलाई जानकारी गराईन्छ ।

माथि तोकिएको म्याद भित्र कार्य-सम्पादन जमानत पेश गर्न र करार सम्झौतामा हस्ताक्षर गर्न तपाई सफल नहुनुभएमा तपाईले पेश गर्नु भएको बोलपत्र जमानत (धरौटी रकम) कार्यालयले जफत गर्ने व्यहोरा पनि तपाईंलाई जानकारी गराईन्छ ।

हस्ताक्षरः

नामः

पदः

बिनोद कुमार माभी
प्रमुख प्रशासकीय अधिकृत

**३.६ सम्झौता फारम (Agreement Form)**

यो सम्झौता मिति .............(दिन)............(महिना)...........(साल) का दिन श्री .............................. कार्यालयको नाम र ठेगाना लेख्नुहोस ।(यसपछि प्रथम पक्ष भनिने) र श्री ...............................ठेकेदारको नाम र ठेगाना लेख्नुस् | (यसपछि ठेकेदार भनिने) वीच आन्तरिक आय संकलनको लागि .................... (संक्षिप्त विवरण लेख्नुस्) को यसपछि सम्झौता मुल्य भनिने मा कबोल गरी पेश गरेको बोलपत्र कार्यालयले स्वीकृत गरेको हुँदा दुबै पक्ष यो सम्झौतालाई निम्न अनुसार कार्यान्वयन गर्न सहमत भएका छन्ः-

१. यस सम्झौतामा प्रयोग भएका शब्द र कथनको अर्थ यो सम्झौतासँग सम्बन्धित करारका शर्तहरुले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

२. निम्न लिखित कागजातहरु यो सम्झौताको अंगको रुपमा रहेका छन् र तिनिहरुलाई यो सम्झौतासंगै पढिने र अर्थ लगाईनेछः

क. कार्यालयले ठेकेदारको बोलपत्र पेश गरेको निवेदन र कबोल गरेको ठेक मुल्यको विवरण
ख. ठेकेदारको बोलपत्र पेश गरेको निवेदन र कबोल गरेको ठेक मुल्यको विवरण,
ग. करारका विशेष शर्तहरु,
घ. करारका सामान्य शर्तहरु,
ङ. आवस्यकता सम्बन्धी विवरण र
च. (अन्य आवश्यक कागजातहरु लेख्नुहोस्)

प्राथमिकता क्रममा यो करार सम्झौता, करार सम्बन्धी अन्य कागजातहरु भन्दा माथि हुनेछ र करार सम्बन्धी अन्य कागजातहरुमाथि यो प्रभावी हुनेछ। करार सम्बन्धी कागजातहरुमा कुनै भिन्नता भएमा वा परम्परमा बाझिएमा माथि दिईए अनुसार कै प्राथमिकताक्रममा तिनिहरु प्रभावी वा मान्य हुनेछन् ।

माथि उल्लेख भएको मितिमा, माथि नाम उल्लेख गरिएका पक्षहरुवीच, नेपालको कानून बमोजिम यो सम्झौता कार्यान्वयन गर्न, तल उल्लेखित साक्षीको रोहवरमा यो सम्झौता भएको छ।

हस्ताक्षरः (कार्यालयको तर्फबाट आधिकारिक हस्ताक्षर)

हस्ताक्षरः (ठेकेदारको तर्फबाट आधिकारिक हस्ताक्षर)

बिनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

## ३.७ कार्यसम्पादन जमानत (Performance Security)

(ठेक्काको नाम र नम्बर लेख्नुहोस)

श्री.........................................(कार्यालयको पूरा नाम लेख्नुहोस)

श्री .........................................(ठेकेदारको नाम लेख्नुस्) ले...................................... (ठेक्काको नाम र नम्बर नेनुहोस) (जसलाई यसपछि ठेक्का भनिनेछ) कार्यान्वायनको लागि ठेक्का स्वीकृतिको सूचना प्राप्त गरेको र सो सूचना बमोजिम ठेकेदारले करार अन्तर्गत आफुले पुरा गर्नु पर्ने दायित्वको प्रत्याभुतिको लागि तपाईं समक्ष नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त प्रतिष्ठित बैंकद्वारा जारी गरिएको तोकिए अनुसारको रकमको जमानत.................... (जमानतको किसिम लेख्नुहोस्) पेश गर्नु पर्नेहुँदा......................... (जमानी दिनेको पूरा ठेगाना लेख्नुहोस) जसलाइ यसपछि बैंक भनिनेछ। ठेकेदारको तर्फबाट जमानत दिन मञ्जुर भएको छ ।

उल्लेखित सन्दर्भमा, हामी तपाई समक्ष घोषणा गर्दछौं कि हामी जमानी बसेकोले, अब उप्रान्त ठेकेदारको तर्फबाद जम्मा ..............................(जमानतको मुद्रा र अङ्क र अक्षरमा जमानत रकम लेख्नुस्) तपाईलाई भुक्तानी दिने जिम्मेवारी हामीले लिएका छौं र करार अन्तरगत ठेकेदारले आफ्नो कर्तव्य पूरा नगरेको भनि तपाईंले लिखित रुपमा गरेको पहिलो पत्र प्राप्त हुने वितिकै बिना अवरोध वा वादविवाद..............(जमानतको मुद्रा अङ्क र अक्षरमा जमानत रकम लेख्नुहोस) सम्मको रकम पुरै वा सो को केही अंश माथी उल्लेख गरिए अनुसार तपाईबाट कुनै प्रमाण नमागिकन वा कारण नसोधिकन तपाईलाई भुक्तानी दिने छौं ।

यो जमानत.......................................... (मिति गते महिना साल लेख्नुहोस) सम्मको लागि मान्य हुनेछ)

नामः-.................................................(जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पुरा नाम लेख्नुहोस)

दर्जाः-................................................. (जमानत पत्रमा हस्ताक्षर गर्ने व्यक्तिको दर्जा लेनुहोस)

हस्ताक्षरः-............................................(माथि नाम र दर्जा खुलाईएको व्यक्तिले हस्ताक्षर गर्ने)

श्री ..................................................(बैंकको नाम लेनुहोस छाप लागउनुहोस) को तर्फबाट या जमानत पत्रमा हस्ताक्षर गर्न अधिकर प्राप्त ।

बिनोद कुमार माभी
प्रमुख प्रशासकीय अधिकृत

मितिः-...................................................(मिति गते महिना साल लेखुहोस)

**बोलकबोल पत्र**

**(Bid Form)**

मितिः ............................

व्यवसायीको नाम ठेगानाः ..................

बोल पत्र नं :

आठाबीस  नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

आठबीस ,दैलेख ।

तहाँ कार्यालयबाट मिति २०८२/०५/२० गते प्रकाशित सूचना अनुसार बोलपत्र नम्बर **aathabis/Goods/River/All/01** नगरपालिका भित्रको विभिन्न तोकियको क्षेत्र भित्र बाट ढुङ्गा, गिट्टि, वालुवा, दहत्तर बहत्तर आदिको बिक्रि शुल्क संकलन सम्बन्धी बोलपत्र आह्वान भएको बोलकबलको सूचना बमोजिम वोलपत्रको शर्तहरुमा मन्जुर भै बोलकबोल गर्न निवेदन पेश गरेका छौ।

1. मेरो फर्म कानुनी हिसाबले यस आठबीस  नगरपालिका संग ठेक्का पट्टा बोलकबोल गर्न वैध रहेको छ र कुनै स्वार्थ बाझिएको छैन।
2. हामी कुनै पनि हिसाबले कालो सूचिमा परेको छैनौ साथै कुनै गैरकानुनी कार्यमा संलग्न नभइ वा अन्य कुनै कारणले म अयोग्य नरहेको स्वघोषणा गर्दछु।
3. राजस्व संकलनका लागि जारि भएको बोलपत्र सम्बन्धी सबै कागजातहरुको अध्ययन गरियो र यसमा हाम्रो पूर्ण सहमति रहेको छ।
4. राजस्व संकलनका लागि जारि भएको बोलपत्रको शर्तहरु पालना गरि कार्यालयबाट जारी हुने निर्देशन अनुसार कार्य गर्न मन्जुर रहेका छौ।
5. कुल कबोल रकम रु...........................को प्रस्ताव पेश गरेको छु।
6. मु. अ. क. समेत कार्यालयको शर्त बमोजिम राजस्व भुक्तानी अलग्गै गर्ने गरी कबोल अंक रहेको छ।
7. कबोल अंक मु. अ. क. समेतको हुन आउने रकम रु.................जमानत बापत रकम जम्मा गरेका छौ वा........... बैंकको बैंक जमानत पत्र पेश गरेका छौ।
8. यदि हाम्रो बोलपत्र स्वीकृत भएमा बोलकबोल कागजजातमा उल्लेख भए बमोजिमको समयमा राजस्व रकम भुक्तानी गर्न मन्जुर छौ। हामीले पेश गरेको प्रस्तावको उत्तरदायित्व बहन गर्दछौ।
9. यस बोलपत्रमा हाम्रो कुनै किसिमको सब कन्ट्रयाक्टर रहेको छैन र बोलपत्र स्वीकृत भएको अवस्थामा पनि कुनै किसिमको सब कन्ट्रयाक्टर मार्फत कार्य गराइने छैन ।
10. बोलपत्र सम्झौता भएको खण्डमा यस फर्मको प्रतिनिधिको रुपमा तल उल्लिखित व्यक्तिले कार्य गर्नेछ।

नाम : .......................................

नागरिकता नं. :..................................

जारी मिति र जिल्लाः ...............................

सम्पर्क नं. :...............................

हस्ताक्षर : ..............................

मिति : ....................................

बिनोद कुमार माभी
प्रमुख प्रशासकीय अधिकृत

संस्थाको छाप : ..............................

## प्रस्तावदाताले पेश गर्नु पर्ने न्युनतम कागजात

प्रस्तावदाता कम्पनि संग सम्बन्धित कागजात

१. फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र

२. नविकरण आवश्यक पर्ने फर्मको नविकरण पत्र

३. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र

४. आ.व. २०८१ / ८२ को कर चुक्ता प्रमाण पत्र

५. प्रस्ताव पेश गर्ने सम्बन्धमा संस्थाको कार्यकारी निकायको निर्णय तथा निर्णयको आधारमा जारी गरिएको अधिकार पत्र (Power of Attorney)

६. कालो सुचिमा नपरेको स्वघोषणा पत्र

७. सूचनामा उल्लेख भए बमोजिमको जमानत

८. सूचनामा उल्लेख भए बमोजिम प्रस्तावदाताको नाममा बोल पत्र खरिद गरेको रसिद